# मोरङ जिल्लाका स्थानीय तहहरुको
# समिक्षा, समन्वय तथा असल अभ्यास
# आदान प्रदान कार्यक्रम
# मिति २०८१ साल भाद्र १४ र १६ गते

<u>प्रतिवेदन</u>










जिल्ला समन्वय समितिको कार्यालय,मोरङ

# विषयसूची


पृष्ठभूमि:- ........ ३

संक्षिप्तमा कार्यक्रम प्रारम्भ र समापन गरिएको प्रक्रिया र प्रस्तुतिकरण ........ ४

संक्षिप्तमा स्थानीय तहहरुको उत्कृष्ट गतिविधिहरु ........ ७

स्थानीय तहहरुको समस्या र चुनौतिहरुः- ........ १५

कार्यक्रमको उपलब्धि:- ........ २१

सत्लाह तथा सुझाब तथा निराकरण गर्नुपर्ने केही बिषयहरुः- निष्कर्षतथा सुझावहरुः- ........ २२

कार्यक्रमका केही तस्बिरहरुः- ........ २३

## पृष्ठभूमिः-

जिल्ला समन्वय समितिको कार्यालय, मोरङको आयोजनामा यस जिल्ला समन्वय समितिको सभा हलमा मिति २०८१/०५/१४ र १६ गते सम्म स्थानीय तहहरुको समिक्षा, समन्वय तथा असल अभ्यास आदान-प्रदान सम्बन्धी कार्यक्रम मिति २०८१/०५/१६ मा यस समितिको सभाहलमा सम्पन्न भयो ।कार्यक्रम दुई चरणमा गरिने कार्ययोजना रहेको उक्त कार्यक्रममा पहिलोचरणमा मोरङ जिल्लाका विराटनगर म.न.पा., ग्रामथान गा.पा, कटहरी गा.पा, जहदा गा.पा, धनपालथान गा.पा, बुढिगंगा गा.पा, रंगेली न.पा, सुनवर्षी न.पा, रतुवामाई न.पा,का साथै दोस्रो चरणमा सुन्दरहरैचा न.पा, बेलबारी न.पा, उर्लाबारी न.पा, पथरी शनिश्चरे न.पा, केराबारी गा.पा लेटाङ न.पा, कानेपोखरी गा.पा, मिक्लाजुङ गा.पा, प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत,आर्थिक प्रशासन शाखा प्रमुख, योजना शाखाप्रमुख, सूचना प्रविधि अधिकृत लगायत अन्य कर्मचारी समेतको सहभागीतामा स्थानीय तहहरुको समिक्षा, समन्वय तथा असल अभ्यास आदान प्रदान कार्यक्रम सपन्न भयो ।

**उद्देश्यः-**

यस कार्यक्रम संचालन गर्नुको पछाडि देहायका कारणहरु जिम्मेवार रहेको पाईन्छः-

- स्थानीय तहहरुको गतिविधि/आर्थिक, सामाजिक, प्रशासनिक, पुर्बधार विकास लगायतका विषयको प्रगतिबारे समीक्षा गर्ने,
- स्थानीय तहहरुबीच समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने,
- स्थानीय तहहरुले सम्पादन गरेका असल अभ्यासहरूको आदान-प्रदान गर्ने,
- स्थानीय तहहरुको सेवाप्रवाह, विकास निर्माण प्रक्रियामा एकरुपता कायम गर्ने,
- स्थानीय तहहरुको समस्या र चुनौतिको विषयमा उचित सम्बोधनका लागि प्रयत्न गर्ने,
- स्थानीय तहहरुको सबल र दुर्बल पक्षको बारेमा समीक्षा गर्ने,
- स्थानीय तहहरुबीच आन्तरिक प्रतिस्पर्धा कायम गराई संस्थागत क्षमता अभिवृद्धि गराउने,
- स्थानीय तहहरुको संभावित वित्तीय जोखिम कम गरी वित्तीय अनुशासन कायम गर्न सहयोग पुर्याउने।

**कार्यक्रमको विधिः-**

- प्रस्तुतिकरण विधि
- प्रवचन विधि
- छलफल विधि
- प्रश्नोत्तर विधि

**कार्यक्रमको अवधिः-**

यस कार्यक्रमको अवधि मिति २०८१ भाद्र १४ र १६ गते रहेको थियो।

**कार्यक्रम संचालन भएको स्थानः-**

जिल्ला समन्वय समिति, मोरङको सभाहल ।

## संक्षिप्तमा कार्यक्रम प्रारम्भ र समापन गरिएको प्रक्रिया र प्रस्तुतिकरण

कार्यक्रमको नामः- **मोरङ जिल्लाका स्थानीय तहहरुको समिक्षा, समन्वय तथा असल अभ्यास आदान-प्रदान कार्यक्रम**

मितिः-२०८१/०५/१४ गते शुक्रबार

समय बिहानः- बिहान १०.३० बजे

कार्यक्रम संचालकः- ना.सु. श्री सरिता पराजुली

**आसन ग्रहण**

| | | |
|---|---|---|
| अध्यक्षता | जिल्ला समन्वय समिति, मोरङ्गका प्रमुख श्री अजम्बर राई ज्यू, | |
| अतिथि आसन ग्रहण | १) उपस्थित सम्पूर्ण नगरपालिकाका प्रमुख ज्यू,<br>२) विराटनगर महानगरपालिकाका उप-प्रमुख ज्यू,<br>३) जिल्ला समन्वय समितिका उप-प्रमुख श्री उषा झा ज्यू,<br>४) उपस्थित सम्पूर्ण गाउँपालिकाका अध्यक्ष ज्यू,<br>५) उपस्थित सम्पूर्ण नगरपालिकाका उप-प्रमुख ज्यू,<br>६) विराटनगर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू,<br>७) उपस्थित सम्पूर्ण गाउँपालिकाका उपाध्यक्ष ज्यू,<br>८) उपस्थित सम्पूर्ण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू,<br>९) उपस्थित सम्पूण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू,<br>१०)जिल्ला समन्वय समितिका सदस्य श्री तुलसी घिमिरे ज्यू, श्री देवमणी कटुवाल ज्यू, श्री हरिमाया विश्वकर्मा ज्यू, श्री चन्द्रकुमार सरदार ज्यू, श्री उमा नेपाली ज्यू, श्री उर्वशी कुमारी थारु, श्री मित्रप्रसाद ढकाल ज्यू, | |
| आसन ग्रहण | जिल्ला समन्वय समितिका नि. जिल्ला समन्वय अधिकारी श्री गिरिराज भट्टराई ज्यूलाई | |
| | | |

| | | |
|---|---|---|
| एकमुष्ठ आसन ग्रहण | लगायत यस कार्यालयका कर्मचारी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहणका लागि हार्दिक अनुरोध गर्दछु । | |

**उद्घाटन कार्यक्रम**

| | |
|---|---|
| राष्ट्रिय गान | सबै जना यथा स्थानबाट उठेर सामुहिक राष्ट्रिय गानमा सहभागी । |
| मौन धारण | शहीदहरुको सम्झनामा १ मिनेट । |
| परिचयात्मक कार्यक्रम | एक आपसमा । |
| कार्यक्रमको उद्घाटन | कार्यक्रमका अध्यक्ष तथा यस जि.स.स. मोरङका प्रमुख श्री अजम्बर राई ज्यू लाई ब्यानर बाचन गरेर । |
| कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य | जिल्ला समन्वय समिति मोरङ्गका उप-प्रमुख श्री उषा झा ज्यूबाट। |

| मिति समय | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८१/०५/१४<br>१०-११ बजे | उद्धाटन तथा परिचयात्मक कार्यक्रम | १घन्टा |
| ११-३० बजे | सुन्दरहरैचा न.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| १२-०० बजे | बेलबारी न.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| १२-३० बजे | उर्लाबारी न.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०१-०० बजे | पथरी शनिश्चरे न.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०१-३० बजे | केराबारी गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०२-०० बजे | लेटाङ न.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०२-३० बजे | खाजा समय | ३० मिनेट |
| ०३-०० बजे | कानेपोखरी गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०३-३० बजे | मिक्लाजुङ गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०४-०० बजे | कार्यक्रमको समापन | |

**कार्यक्रम कार्य तालिकाः-** **मिति २०८१/०५/१४**

| मिति समय | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८१/०५/१४<br>१०-११ बजे | उद्धाटन तथा परिचयात्मक कार्यक्रम | १घन्टा |
| ११-३० बजे | विराटनगर महानगरपालिकाको प्रस्तुतिकरण | ३० मिनेट |
| १२-०० बजे | कटहरी गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| १२-३० बजे | जहदा गा.पाको प्रस्तुकरण | ३० मिनेट |
| ०१-०० बजे | बुढिगंगा गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०१-३० बजे | ग्रामथान गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०२-०० बजे | धनपालथान गा.पाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०२-३० बजे | खाजा समय | ३० मिनेट |
| ०३-०० बजे | रंगेली नगरपालिकाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०३-३० बजे | सुनबर्षि नगरपालिको प्रस्तुतिकरण | ३० मिनेट |
| ०४-०० बजे | रतुवामाई नगरपालिकाको प्रस्तुतिकरण | ३० मिनेट |
| ०४-३० बजे | कार्यक्रमको समापन | |

उक्त कार्यक्रमको कार्य तालिका तपसिल बमोजिम रहेको थियो ।

## संक्षिप्तमा स्थानीय तहहरुको उत्कृष्ट गतिविधिहरु

१. **विराटनगर म.न.पा. :**

- महानगर आवास योजना संचालन गरिएको,
- वडा स्तरीय योजनाको भुक्तानी वडाबाट नै, वडा सचिव र सहलेखापालको संयुक्तखाता सञ्चालन गरी नागरिकलाई सहजता प्रदान गरिएको,
- विविध प्रकारका अपांगता भएकाहरुलाई Real Time समावेशी शिक्षा संचालन गरिएको
- बहुप्राविधिक शिक्षालय संचालन गरिएको ।
- वडा कर्यालय भवन संचालन गरिएको ।
- छोरी बचाउँ छोरी पढाउँ कार्यक्रम संचालन
- स्थानीय पाठ्यक्रम (कक्षा१-५) लागू गरिएको
- प्रसुती सेवाका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन
- आर्थिक सामाजिक र सास्कृतिक क्षेत्रमा विभिन्न कार्यहरु

२. **ग्रामथान गा.पा. :**

- ग्रामथान गाउँपालिकाको मुख्य नारा नै छोरी जोगाऔं रहेकोले यस गाउँपालिका स्थापना पश्चात दोश्रो सन्तान छोरी भएमा बच्चाको जन्मदर्ताका आधारमा अभिभावकलाई नगद रु ३१०५ रुपैंया प्रदान गर्दै आईएको र यस कार्यले लैङ्गिक समानता कायम गर्न तथा छोरा र छोरी बिचको विभेद अन्त्य गर्न ठूलो सहयोग पुगेको
- ग्रामथान गाउँपालिका वडा नं ७ मा रहेको लडैयाडांगीमा ग्रामथान गाउँपालिकाका विपन्न तथा सुकुम्बासिलाई प्रदेश नं १ सरकारको सहयोग तथा सहकार्यमा एकीकृत नमुना बस्ति निर्माण गरि करिब रु १ करोड ४० लाख लागतमा ३८ वटा घर निर्माण सम्पन्न गरि हस्तान्तरण गरिएको
- महालेखा परिक्षकको बार्षिक प्रतिवेदन अनुसार ग्रामथान गाउँपालिका लगातार दोश्रोपटक मोरङको सबैभन्दा कम बेरुजु भएको स्थानीय तह भएको
- सुत्केरी लाई रातो भाले कार्यक्रम संचालन
- साक्षरता दरमा वृद्धि कृषिमा आधुनिकिकरण बजार मा सहज पहुच जस्ता कारणले जिबनस्तरमा सुधार भएको।

३. **सुनवर्षी न.पा. :**

- सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनको सुरुवात

- आन्तरिक सुशासन प्रवर्धनमैत्री कार्यक्रमहरु सञ्चालन,

४. **<u>जहदा ग.पा.</u>** :

- सामुदायिक विद्यालयहरुमा गाउँपालिका स्वयम् सेवक शिक्षक नियुक्त १०जना र १ जना बालविकास
- शहिद परिवारका सन्ततीलाई रोजगारी उपलब्ध गराएको २ जना
- सन्थाल जातिको भेषभुषा,धर्म,संस्कृती संरक्षणका लागी सन्थाल संग्राहलय  निर्माणाधिन
- मझारे आधारभूत अस्पताल (१५शैया) र गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि निःशुल्क रुपमा जहदा ५ मा १ विगां चार कठ्ठा जग्गा प्राप्त गरी आधारभुत अस्पताल निर्माण र प्रशासनिक भवन निर्माण
- विराटनगर महानगरपालिकासंग विपद व्यवस्थापनका लागि दमकल प्रयोग गर्ने सन्दर्भमा साझेदारी
- स्वास्थ्य बिमाको लागि गाउँपालिकाको तर्फबाट निःशुल्क रुपमा कार्यविधि अनुसार प्रिमियम अनुदान दिने व्यवस्था
- कृषकहरुलाई उन्नत जातको विउ विजन तथा कृषि औजार वितरण गरिएको
- गाउँपालिका,प्रत्येक वडा कार्यालयमा CCTV र ई-हाजिरीको जडान र स्वास्थ्य चौकी र मा.वि.विद्यालयमा ई-हाजिरीको जडान
- महिला स्वयम सेवक अवकाश हुदा सुनौलो हातेमाले कार्यक्रम

५. **रंगेली न.पा.** :

- सार्वजनिक व्यायामशाला निर्माण
- मुख्य बजार क्षेत्रमा सडक विस्तार
- सडकको डिभाइडरमा ट्राफिक सचेतनाका सामग्रीहरु राखिएको
- १३२ स्थानमा Free Wife Zone को व्यवस्थापन
- अन्य आर्थिक सामाजिक र सास्कृतिक क्षेत्रमा विभिन्न सुधारका कार्यहरु गरिएको।

६. **<u>रतुवामाई न.पा.</u>** :

- अंग्रेजी माध्यमबाट पठनपाठनको सुरुवात
- नगरपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग

७. **<u>कटहरी गा.पा. :</u>**

- कृषकहरुलाई अनुदानः
- ५०% अनुदानमा गहुँ, मकै तथा धानको विउ  वितरण
- ७५% अनुदानमा स्यालो ट्युवेल तथा मोटर वोरिङ वितरण
- शत प्रतिशत अनुदानमा माछाका भुरा वितरण
- शत प्रतिशत अनुदानमा तरकारीको विउ वितरण
- तुलसी खेती गर्ने किसानहरुलाई प्रति कठ्ठा रु.३०००/- का दरले अनुदान उपलब्ध गराईएको
- कटहरी वडा नं. १ मा रहेको तरकारी तथा फलफूल थोक बजारको स्वामित्व कटहरी गाउँपालिकालाई हस्तानतरण भई तरकारीहरुको भण्डार व्यवस्थापनका लागी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बिराटनगरसंगको लागत साझेदारीमा कृषि बजारको प्राङ्गणमा १५ मे.टन क्षमताको कोल्डरुम स्थापना गरिएको ।
- प्रयोगशाला सेवा प्रवाह
- किसानहरुका लागि  बाख्रा, सुँगुर, कुखुरा र माछा पालन तालिम  संचालन
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन
- २५ जना बेरोजगार यूवाहरुलाई ४५ दिने एड्भान्स कम्प्यूटर तालिम
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत ७४ जना बेरोजगारहरुलाई ९८ दिन रोजगार प्रदान गरी ४२ वटा साना योजनाहरु संचालन गरी सम्पन्न भएको
- सूचना आदन/प्रदान गर्न Website, Gmail, Facebook Page, Group SMS जस्ता अनलाइन एप्लिकेशन(Application) हरुको प्रयोग पूर्ण रुपमा ल्याएको
- कक्षा १ देखी १२ सम्मका सम्पुर्ण विद्यार्थीहरुलाई निःशुल्क  पाठ्यपुस्तक वितरण
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न कक्षा ५ र ८ मा स्तरमापन परिक्षा संचालन गरि उत्कृष्ट शिक्षक र विद्यालयलाई पुरस्कृत गरिएको
- शिक्षकहरुको दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइएको
- विद्यालयहरुको क्षमता अभिवृद्धिका लागि विद्यालयहरुलाई शैक्षिक सामाग्री, खेल सामाग्री, एल.सि.डि., कम्प्युटर , प्रिन्टर , फर्निचर लगायतका सामाग्री वितरण गरिएको
- बालमैत्री गाउँपालिका घोषणा गर्ने उदेश्य लिई सो का लागी बाल क्लव र संजाल  गठन कार्यविधि तयार गरी कार्यान्वयन भईरहेको
- कटहरी वडा नं. ६ स्थित शर्पदंश उपचार केन्द्रको भौतिक पूर्वाधार निर्माण सम्पन्न भई सेवा प्रवाहको अन्तिम तयारीको चरणमा रहेको
- अंग्रेजी माध्यमबाट पठनपाठनको सुरुवात

८. **<u>सुन्दरहरैचा न.पाः</u>**

- सार्वजनिक सुनुबाई कार्यक्रम समयमै गर्ने कार्यको थालनी भएको।
- जनचेतनामूलक कार्यक्रमको थालनी गरिएको।
- विपद पुर्वानुमान गरी विपद् जोखिम स्थानमा माइकिङ तथा सुचना सन्प्रेसण गर्ने कार्यको थालनी भएको।
- नगर अस्पताल संचालन

- गर्भवती महिलाहरुलाई घुम्ति भिडियो-एक्सरे सेवा संचालन
- १२ बटै स्वास्थ्य संस्था बाट सेवा संचालन गरिएको।

## ९. बेलबारी न.पा. :

- नगरपालिकाको नयाँ प्रशासकीय भवन, वडा कार्यालय भवनहरु, स्वास्थ्य चौकी भवनहरु, निर्माण सम्पन्न भई संचालन गर्न सकिएको ।
- नगर अस्पतालको नयाँ भवन निर्माण सम्पन्न भएको ।
- धनपालगढी पर्यटकिय क्षेत्रको निर्माण सम्पन्न भएको ।
- बेलबारी ४ मा क्षमताको कोल्ड स्टोरेज निर्माण भइरहेको ।
- नगर विकास कोषको -बेलबारी १ मा ८ हजार बर्गफिट प्लेन्थलेभल रहेको ५ तले सपिङ्ग कम्पलेक्सको काम ९० प्रतिशत भन्दा बढी सम्पन्न भएको ।
- बेलबारी नगरपालिका , कोशी प्रदेश सरकार तथा करुणा फाउण्डेसनको लागत साझेदारीमा संचालित अपाङ्गता रोकथाम तथा पुनर्थापना कार्यक्रमबाट अपाङ्गगता भएका ब्यक्ति तथा परिवारहरुको लागि संचालित कार्यक्रम सफलता पुर्वक संचालन भई बेलबारी नगरपालिकाले आ.ब. ०७९।०८० देखि आन्तरिकरण गरी बजेट बिनियोजन गरी निरंतरता दिएको ।
- बेलबारी नगरपालिका दुध मासु र अण्डामा आत्मनिर्भर भएको ।
- सामुदायिक विद्यालयहरुमा बालकक्षादेखि कक्षा ३ सम्म बालकेन्द्रित तथा खेलविधिबाट सिकाई कार्य लागू गरी सञ्चालनको शुरुवात भएको
- विद्यालयहरुमा कक्षा सुचारु गर्न सिल्भर भोलन्टियर्स कार्यक्रम
- अनौपचारिक क्षेत्रको श्रमिकहरुको सामाजिक सुरक्षा योजना सुरु भई यस गत वर्ष १५ जना श्रमिकहरु आवद्ध भएका
- बेलबारी नगरपालिका प्रथम जाति धिमालको इथ्नोग्राफिक प्रोफायल तयार भई धिमाल जातिको जिवीत संग्राहलय बनाउने कार्यको थालनी भएको
- उत्तरी मोरङ्ग अन्तरपालिका समन्वयको नेतृत्व गरी पटक पटक बैठक छलफल हुने गरेको
- शिक्षाको गुणस्तर वृद्धि गर्न कक्षा ८ - १० अतिरिक्त कक्षा (ट्युसन) संचालन
- बेलबारी क्याम्पसमा स्थानीय विद्यार्थिलाई भर्ना निशुल्क (छात्रावृत्ती

## १०. उर्लाबारी न.पा. :

- उर्लाबारी मिक्लाजुङ्ग सडक क्षेत्रमा उर्लाबारी चौक बाट मिक्लाजुङ्ग सिमाना सम्म ९७ साथै उर्लाबारी मिक्लाजुङ्ग सडक क्षेत्रमा उर्लाबारी चौक बाट रतुवामाई सिमाना सम्म १५८ थान सडक बत्ती जडान गरिएको ।
- उज्यालो उर्लाबारी कार्यक्रम अन्तर्गत उर्लाबारी नगरपालिका क्षेत्रको विभिन्न शाखा बाटोहरुमा १४७० थान सडक बत्ती जडान गरिएको

- एकिकृत सफ्टवेयर मार्फत अफिस अटोमेशन सञ्चालन गरिएको साथै सेवाग्राहीका लागि मोबाइल एप्लिकेशन समेत सञ्चालनमा आएको
- नगरपालिकाबाट खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) ऐन, २०७९ स्वीकृत गरी उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था मार्फत स्वच्छ, प्रभावकारी र सुलभ एकिकृत खानेपानी सेवा प्रवाहको सुरुवात गरिएको

११. **पथरीशनिश्चरे न.पा**

- आ.ब २०८१/८२ सम्ममा कालोपत्रे सडक- ५० कि.मि. भन्दा बढी भएको ।
- विपन्न नागरिकलाई निशूल्क स्वास्थ्य बिमा कार्यक्रम लागू भएदेखि हाल सम्म २१८० घर परिवारको बीमा भएको।
- १३६ जना दीर्घ रोगीहरुलाई रु.१५०००।-को दरले औषधि उपचार सहयोग दिइएको।-आ.व. २०८०/०८१
- विपन्न नागरीकहरुलाई विपन्न नागरिक आवाश कार्यक्रम अन्तर्गत २९ घर निर्माण भएको ।-आ.व. २०८०/०८१
- राजश्व सुधार कार्यक्रम Revenue Improvement Action Plan(RIAP) तयार भए सँगै राजश्व संकलनमा सुधार भएको।
- कार्य योजना- भू-उपयोग योजना तयार भएको।
- नगर अस्पतालमा एम.वि.वि.एस. एम.डि चिकित्सक सहित विशेषज्ञ सेवा संचालनमा रहेको।
- नगरपालिकामा स्थायी बसोबासीहरुले नगरअस्पतालमा सुत्केरी गराउँन आउन/जाँदा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको ।
- पशु बिमा अन्तर्गत गाई/ भैसी/ बाखा/ बंगुर बिमा कार्यक्रम संचालन गरिएको ।
- बाखा पकेट क्षेत्र स्थापना गरी बाखा पालन गर्ने किसानलाई प्रोत्साहन तथा अनुदान दिने व्यवस्था । ७० वर्ष माथिका जेष्ठ नागरिकलाई कोशी प्रदेश भित्रको जुनसुकै स्वास्थ्य संस्थामा औषधी उपचारमा जान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको ।
- सवै वडामा स्वास्थ्य संस्थाको स्थापाना गरी सञ्चालनमा रहेको ।
- श्रमिक हितको स्थापना गरि वार्षिक रु ५ लाख विनियोजन गर्ने श्रमिकका लागि हुने जोखिमलाई न्यूनीकरण गर्ने प्रयत्न गरिएको छ।
- विद्यालयमा कार्यरत स्यायी कर्मचारी अवकास वा मृत्यु भएमा निजलाई रु ५ लाख दिइने गरिएको छ।
- आ व २०७९/८० देखि नगर पशु अस्पताल निर्माण सम्पन्न गरि भेटनरी डा मार्फत अस्पातालबाट पशु उपचार उपलव्ध गरिएको छ ।

१२. **केराबारी ग.पा. :**

- वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरणको सुरुवात
- स्थानिय भाषा संरक्षण गर्न लिम्वु भाषामा अध्यापन को थालनी
- पालिका अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम शुभारम्भ
- सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरिएको
- सार्वजनिक जग्गा संरक्षण तथा उपभोग समितिको नियमित बैठक
- माटो परिक्षण ल्याव
- सुलभ स्वास्थ्य परिक्षणमा नागरिकको पहुच कार्यक्रम अन्तर्गत अध्यक्ष सँग जेष्ठ नागरिक कार्यक्रम सञ्चालन
- सामाजिक विकास क्षेत्र —महिला बालवालिका तथा जेष्ठ नागरिकका क्षेत्रमा विभिन्न सुधारका कार्यहरु गरिएको।
- सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा गाउँपालिकावाट आन्तरिक लेखापरीक्षणको सुरुवात गरीएको
- पर्यावरण संरक्षणका लागि चुरेक्षेत्रमा रिचार्ज पोखरी निर्माणका लागि सुरुवात गरीएको
- समपुरक अनुदानवाट सञ्चालन गरिने योजनाहरुमा क्रमागत योजनालाई प्राथमिकता दिने गरीएको

१३. <u>धनपालथान गा.पा. :</u>

- डिजिटल प्रोफाईल तयार भएको
- संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा समपुरक योजनाहरु सञ्चानल भएको
- जि.स.स मोरङ्गको साझेदारीमा भवन निर्माणको योजना सञ्चालन भएको
- जनतालाई सर्वसुलभ तरिकाले सेवा प्रदान गर्न एम्बुलेनस खरिद गरि सेवा सञ्चालन भएको

१४. <u>मिक्लाजुङ गा.पा. :</u>

- उच्च शिक्षाका लागि गाउँपालिकाको प्रत्यक्ष रेखदेख र व्यवस्थापनमा सामुदायिक क्याम्पस संचालन गरिएको ।
- सेवाग्राही लक्षित आन्तरिक सहायताकक्ष संचालमा गरिएको ।
- पहाड र तराइको भुभाग जोड्ने पक्की सडक एवम खोलाहरुमा पक्की पुल र पहाडी क्षेत्रमा पर्याप्त झोलुङ्गे पुल निर्माण गरिएको ।
- डम्पिङसाइट व्यवस्था गरी फोहर व्यवस्थापन गरिएको ।
- सिमसार क्षेत्रको व्यवस्थापन गरी पर्यटकीय क्षेत्र निर्माण गरिएको ।
- बक्राहा नदीमा तटवन्ध निर्माण गरिएको ।

- तिद्यालयहरूलाई प्रविधिमैत्री बनाउन CC CAMERA का साथै SOUND CONTROL तथा CLASS RECORDING SYSTEM जडान गरिएको।
- दिबा खाजाको गुणस्तर बृद्का लागि रु ५ बृद्धि गरिएको
- मातृभाषा र लिपिको संरक्षणका लागी सिरिजंगा लिपि अध्यापन तालिम साथै किरात भाषामा कक्षा संचालन गरिएको।

## १५. लेटाङ न.पा. :

- राजश्व बृद्धिका लागि घरदैलो कार्यक्रम।
- जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास तालिम ।
- नियमित सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण
- कार्यपालिका निर्णय, खरिद सम्बन्धी सूचना, समीक्षा प्रतिवेदन, त्रैमासिक प्रगति प्रतिवेदन तथा स्वत: प्रकाशन सूचनाहरू नियमित रूपमा वेभसाइटमा राखिएको।
- न्यायीक समितिको इजलास निर्माण।
- २ नं.वडा कार्यालय भवन निर्माण।
- ज्योती आधारभूत विद्यालयको भवन निर्माण।
- त्रिवेणी शितल मार्ग निर्माण।
- समला खानेपानी आयोजना ।
- राजारानी ताल संरक्षण तथा सौन्दर्यकरण ।
- सडक बोर्डको साझेदारी बिभिन्न सडक कालोपत्रे तथा बिस्तार गरिएको।
- २ वटा निर्माण व्यवसायीलाई कालोसुचीमा सिफारिस गरिएको ।
- नियमित सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण
- कार्यपालिका निर्णय, खरिद सम्बन्धी सूचना, समीक्षा प्रतिवेदन, त्रैमासिक प्रगति प्रतिवेदन तथा स्वत: प्रकाशन सूचनाहरू नियमित रूपमा वेभसाइटमा राखिएको।
- डिजिटल वडापत्र ।

## १६. कानेपोखरी गा.पा. :

- स्थानीय पाठ्यक्रमको निर्माण विद्यार्थीहरुको खेलप्रतिको रुचिलाई विकास गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको,
- सवै माध्यमिक विद्यालयमा CCTV जडान गरी गाउँपालिकाबाट अनुगमन तथा नियमन गरिएको।
- सवै सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आ.ले.प. शाखा मार्फत गरिएको।

- सवै सामुदायिक विद्यालयका प्रध्यानाध्यपक, लेखा र जिन्सी हेर्ने कर्मचारीका लागि लेखापालन तथा जिन्सी सम्बन्धी तालिम तथा IEMIS तालिम सञ्चालन।
- विषयगत शिक्षक दरवन्दी कम रहेका सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन गरिएको।
- सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनमा सहयोग गरिएको।
- शैक्षिक क्यालेण्डर निर्माण, नयाँ पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम सञ्चालन।

- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा परिवारका ३१ जनाका लागि उद्यमशीलता र सीप विकास तालिम सञ्चालन।

- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा परिवारका लागि व्यवसाय प्रवर्द्धन अन्तर्गत स्प्रेयर,घाँस काट्ने मेसिन, मकै रोप्ने/गोड्ने मेसिन, पानी तान्ने मोटर जस्ता कृषि सामाग्रीहरु हस्तान्तरण
- मानव सेवा आश्रम विराटनगर र माया घर ईटहरी सहकार्यमा वेवारिसे, अभिभावक विहिन नागरिकको व्यवस्थापन,
- भूमिहीन दलित/सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापनका लागि आफ्नै श्रोतबाट सर्वेक्षक र अमिन नियुक्त गरी जग्गा नापजाँच कार्यलाई अगाडि बढाइएको छ।

- ग वर्गको अपाङ्गता भएका व्यक्तिलाई मासिक रु.१००० समाजिक सुरक्षा भत्ता (मापदण्ड निर्माण)
- सूचना एम्बुलेन्स
- प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी
- निःशुल्क शिक्षा, पालिकाको ईच्छा (कक्षा ११ र १२ निःशुल्क)
- शिक्षिका सुत्केरी भएका निजको सट्टामा शिक्षकको व्यवस्थापन गरिएको।
- सासुको ईच्छा, वुहारीलाई शिक्षा (रमाइलो बहुमुखी क्याम्पसमा स्नातक माथि अध्यन गर्ने बुहारीहरुलाई भर्ना शुल्क र मासिक शुल्क गाउँपालिकाबाट व्योहोर्ने)(मापदण्ड निर्धारण)
- गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) र स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRP) निर्माण सम्पन्न गरिएको,
- गाउँपालिका क्षेत्र भित्रका विपद जोखिम क्षेत्रको DIGITAL नक्साङ्कन कार्य सम्पन्न भएको,
- कानेपोखरी गाउँपालिका, रंगेली नगरपालिका, सुनवर्षी नगरपालिका र धनपालथान गाउँपालिकाले संयुक्त रुपमा रंगेली नगरपालिका क्षेत्रमा निर्माण गरिने अत्यावश्यक विपद केन्द्र निर्माणका लागि सम्झौता भई DPR स्वीकृत भई निर्माणको चरणमा पुगेको,
- विधार्थीसँग अध्यक्ष, विद्यालय व्यवस्थापन समितिसँग उपाध्यक्ष, शिक्षकसँग प्रमुख प्रशासकीय अधिकृत, अभिभावकसँग वडा अध्यक्ष

- उद्यम मार्फत रोजगार, गर्वको आधार
- घर/घरमा बडापत्र
- मिलाप गरौ, विलाप नगरौं
- टोल/टोलमा कृषि/पशुपंक्षी सेवा र घरघरमा स्वास्थ्य सेवा
- सेवाग्राहीका निवेदनको फर्म्याट निर्धारण गरी लेखनदास प्रथालाई नियन्त्रणमा लिइएको

१७. **<u>बुढिगंगा गाउँपालिका</u>**

- मेरो स्वास्थ्य, मेरो सुरक्षा घर दैलो कार्यक्रम सञ्चालनमा रहेको ।
- कोशी राजमार्गमा चार स्थानमा निःशुल्क खाने पानी व्यवस्था मिलाएको ।
- फोहोरमैला व्यवस्थापनः ट्र्याक्टर खरिद गरि घर-घरबाट फोहोरमैला संकलन गरि व्यास्थित गरिएको
- कोशी राजमार्ग लगायत अन्य भित्रि सडकहरुमा सडक वत्ति जडान गरिएको ।
- पालिका अस्पतालमा X-ray, USG तथा प्याथोलोजि ल्यावको सुविधा सहित सञ्चालन गरिएको ।
- १० शैयाको अस्पताल निर्माण सम्पन्न भई २५ लाखको स्वास्थ्य सामाग्रीखरिद भई सञ्चालनको स्थितिमा रहेको ।
- वुढीगंगा गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माण ।
- श्री लक्ष्मी मा.वि बुढीगंगा-७ र श्री सरस्वती मा.वि वुढीगंगा-६ लाई पालिका वाट नै नमुना विद्यालयको रुपमा विकास गर्ने कार्यको सुरुवात ।
- विद्यार्थीको रोजाइ सामुदायिक विद्यालय, अभिभावकको खोजाइ सामुदायिक विद्यालय भन्ने मुल नाराका साथ १८ वुँदे शैक्षिक सुधार संकल्प प्रस्ताव पारित ।
- विद्यालयलाई बालमैत्री विद्यालयको रुपमा विकास गर्ने उदेश्यका साथ हरित विद्यालयको अवधारणाको सुरुवात ।

  एम्बुलेनस सेवा सुचारु

## स्थानीय तहहरुको समस्या र चुनौतिहरुः-

१. **<u>विराटनगर म.न.पा.</u>** :

- विकास योजनाका लागि जग्गा प्राप्ति गर्न लामो प्रक्रिया रहेको
- कार्य र जिम्मेवारी अनुसार संस्थागत क्षमताको कमी
- तीन तहका सरकारबीच समन्वयको कमी
- प्रदेश लोकसेवा आयोगबाट माग बमोजिमको जनशक्ति आपूर्तिमा ढिलाई
- कार्य र जिम्मेवारी अनुसार वित्तीय हस्तान्तरण हुने रकम न्युन भएको

२. **ग्रामथान गा.पा.** :

- स्थानीय तहलाई आवश्यक ऐन कानुन कार्यविधि तथा निर्देशिका पर्याप्त रुपमा  नहुँदा तथा भएका ऐन कानुनहरु समेत अस्पष्ट तथा एक अर्कासंग कतिपय अवरस्थामा बाझिने भएकाले कार्यान्वयनमा जटिलता रहेको
- स्थानीय तहमा पर्याप्त जनशक्ति नहुनु, भएका जनशक्तिलाई उचित तालिम र क्षमता अभिवृद्धिमा ध्यान नदिईनु, समान तहका संघीय,प्रदेश र स्थानीय तहका कर्मचारीहरुबिच असमान व्यवहार हुनु र वृत्तिविकास बारे अस्पष्टता हुनाले स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा तिव्र असन्तुष्टि रहेको
- स्थानीय स्रोत साधनको पहिचान र वैज्ञानिक  परिचालन गर्न करको दायरा फराकीलो बनाई उद्योगधन्दा तथा व्यापार व्यवसायलाई करको दायरामा ल्याउन नसकिएको
- लोआहन्द्रा,जुडी र सिंघिया नदीको कारण यहाँका जनताले वर्षेनी कटान र बाढीको प्रकोप व्यहोर्नु बाध्य हुनु
- फोहर व्यवस्थापनका लागि ल्याण्डफिल साइटको अभाव रहेको साथै, शुद्ध पिउने पानी, सडक, बत्ती, ल्याण्डलाइन टेलिफोन जस्ता सेवाहरु पर्याप्त नभएको
- गाउँको सामाजिक, आर्थिक रुपान्तरण र भौतिक पूर्वाधार निर्माणमा समुदायको लागत सहभागिता अति न्यून हुनु
- आन्तरिक आय न्यून रहेका कारण गाउँ कार्यपालिकाको दैनिक प्रशासनिक खर्च धान्न अन्य स्रोतमा भर पर्नु परेको
- विकास प्रतिको जनताको तिव्र ईच्छा र आकांक्षालाई सम्बोधन गर्न नसकिएको

३. <u>सुनवर्षी न.पा. :</u>

- डाँस र बक्राहा नदीको कटान,डुबान तथा बाढी
- न्यून आन्तरिक आय श्रोत

४. <u>जहदा ग.पा. :</u>

- भौतिकपूर्वाधारको कमी
- नदि नियन्त्रणको समस्या
- बढ्दो गरिबी र वेरोजगारी
- जलउत्पन्न प्रकोपको न्युनिकरण

५. <u>सुन्दरहरैचा न.पा</u>

- बजेटको अभाब
- MIEF निर्माण गर्न नसकिएको।
- पर्शासनिक र राजनैतिक कार्यक्षेत्रको बारेमा वुझाई प्रष्ट्र नहुनु

- सार्वजनिक जग्गाको संरक्षंण नहुनु
- फोहोरमैला व्यवस्थापनमा कठिनाई हुनु।
- प्राविधिक जनशक्ती अभाव
- मौसम परिवर्तनको कारणले रोगकिरा मौसम जन्य समस्यामा वृद्धि भएको।
- भेटनरी  अस्पतालको उपयुक्त ठाउमा भवन नहुनुसाथै प्रर्याप्त औषधी व्यबथापन नहुनु
- घरघरमा प्राविधिक सेवा दिनलाई कर्मचारीको अभाव हुनु र खोप कार्यक्रममा संघीय सरकार सँग संगको तालमेल नहुनु

६. **रंगेली न.पा.** :

- संविधान तथा कानुनद्वारा प्राप्त अधिकारको सही प्रयोग गरी जनतासमक्ष गरिएका प्रतिबद्धता पूरा गर्नु
- स्थानीय नागरिकको विकास र सेवाको आकांक्षाको सम्बोधन गर्नु
- स्थानीय निकाय परिवर्तन भई स्थानीय तहमा रूपान्तरण भएको सन्दर्भमा सोही अनुरूपको संस्थागत क्षमताको विकास गर्नु
- स्थानीय तहमा रहेका विभिन्न सेवा समूहका कर्मचारीबीच समन्वय कायम गर्दै उनीहरूको सीप, क्षमता र दक्षताको अधिकतम सदुपयोग गर्नु
- भौगोलिक परिवेश अनुरूप पूर्वाधारको विकास गर्नु
- स्थानीय स्रोत—साधनको अति उत्तम परिचालन गरी अधिकतम उपलब्धि हासिल गर्नु
- संघीय र स्थानीय शासन सञ्चालन ऐनले व्यवस्था गरे बमोजिम स्थानीय प्रशासन सञ्चालन गर्नु

७. **रतुवामाई न.पा.** :

- रतुवा र बक्राहा नदीको कटान,डुबान तथा बाढी
- आगलागी र सर्पदंश
- न्यून आन्तरिक आय श्रोत
- भौगोलिक अवस्था
- श्रोत, साधन तथा दक्ष जनशक्तिको अभाव
- जनचेतनाको कमि

८. **कटहरी गा.पा.** :

- लोहन्द्रा, सिंघिया र जुडी नदीको कटान,डुबान तथा बाढी
- आगलागी र सर्पदंश
- न्यून आन्तरिक आय श्रोत
- भौगोलिक अवस्था
- श्रोत, साधन तथा दक्ष जनशक्तिको अभाव

- जनचेतनाको कमि

## ९. बुढिगंगा गा.पा.

- विकास निर्माणमा सुकुम्वासी वसोवासको समस्या – सार्वजनिक वाटोमा वसोवास भएको ।
- औधोगिक प्रदुषण ।
- विषयगत तथा तहगत शिक्षकको अभावले शिकाइमा चुनौतीको सिर्जना ।
- विषयक्षेत्रगत वजेट विनियोजन नगिरएको ।
- योजना वैंक निर्माण नगरिएको ।
- आवधिक योजनाको निर्माण नगरिएको ।

## १०. पथरीशनिश्चरे न.पा

- उपभोक्ता समितिलाई काम सम्पन्न पश्चात आयोजना प्रति उत्तरदायीत्व बनाउन नसकिएको ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट अख्तियारी बमोजिमको बजेट निकासा नहुनु।
- दिगो विकासको लक्ष्य स्थानीयकरणमा पर्याप्त बजेटको व्यवस्थापन नहुनु ।
- निर्मित पूर्वाधारको मर्मत संभारको लागि लाभग्राहीको योगदान सहितको कोष स्थपना गर्न रुची नहुनु
- संघीय सरकार तथा प्रदेश सरकारबाट वजेट निकाशा भई कार्यान्वयन हुने (शर्सत अनुदान) आयोजनाको प्राविधिक प्रतिवेदनपश्चात् मात्र बजेट निकाशा हुने गरेकोमा कहिले काँही अर्थ मन्त्रालयबाट स्रोत फुकुवा  नहुँदा निर्माण व्यवसायीलाई समयमा नै भुक्तानी दिन नसक्नु ।
- मध्यमकालिन खर्च संरचना अनुरुप स्थानीय तहका आयोजना तथा कार्यक्रमलाई पुर्ण रुपमा लैजान नसक्नु ।
- आन्तरिक आयको महत्वपुर्ण स्रोतको रुपमा रहेको ढुँगा गिट्टि वालुवाको उत्खनन् क्षेत्र बन क्षेत्र अन्तर्गत पर्नु ।साथै खनिज जन्य पदार्थ ब्यवस्थापन गर्ने सवालमा एकिकृत कानूनको अभाव हुनु।
- उपभोक्ता समितिलाई काम सम्पन्न पश्चात आयोजना प्रति उत्तरदायीत्व बनाउन नसकिएको ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट अख्तियारी बमोजिमको बजेट निकासा नहुनु।
- दिगो विकासको लक्ष्य स्थानीयकरणमा पर्याप्त बजेटको व्यवस्थापन नहुनु ।
- निर्मित पूर्वाधारको मर्मत संभारको लागि लाभग्राहीको योगदान सहितको कोष स्थपना गर्न रुची नहुनु

- संघीय सरकार तथा प्रदेश सरकारबाट वजेट निकाशा भई कार्यान्वयन हुने (शर्सत अनुदान) आयोजनाको प्राविधिक प्रतिवेदनपश्चात् मात्र बजेट निकाशा हुने गरेकोमा कहिले काँही अर्थ मन्त्रालयबाट स्रोत फुकुवा  नहुँदा निर्माण ब्यवसायीलाई समयमा नै भुक्तानी दिन नसक्नु ।
- मध्यमकालिन खर्च संरचना अनुरुप स्थानीय तहका आयोजना तथा कार्यक्रमलाई पुर्ण रुपमा लैजान नसक्नु ।
- आन्तरिक आयको महत्वपुर्ण स्रोतको रुपमा रहेको ढुँगा गिट्टि वालुवाको उत्खनन् क्षेत्र बन क्षेत्र अन्तर्गत पर्नु ।साथै खनिज जन्य पदार्थ ब्यवस्थापन गर्ने सवालमा एकिकृत कानूनको अभाव हुनु।
- लागु औसध प्रयोग गर्नेको संख्या दिन प्रतिदिन वढ्दै जानु।

## ११. कानेपोखरी गा.पा

- बजेट कमिको कारणले सबै विषयगत क्षेत्रको विकासमा प्रभाव परेको,
- उत्तरी भू-भाग वन तथा जंगल क्षेत्र भएकाले हात्ती  आताङ्कवाट धन,जन,बालि नालि बचाउन चुनौतिको रुपमा रहेको,
- चिसाङखोलाबाट आएको बाढीले वर्षौंनी धेरै क्षति गरेकोले विकास बजेट तटबन्धनमा निर्माणममा खर्च गर्नुपरेको,
- आन्तरिक श्रोतमा निरन्तर वृद्धि गर्न नसक्नु।
- धेरै जसो बजेट पूर्वाधार विकास तिर खर्च हुने भएकाले आय आर्जन तथा उत्पादनशील क्षेत्र तथा रोजगारमुलक क्षेत्रमा लगाउन नसक्नु।
- संरचनागत रुपमा कर्मचारीको अभावले दैनिक कार्य सम्पादनमा असर परेको,
- संघीय र प्रदेशबाट प्राप्त हुने अनुदान रकम घटदै जानु

## १२. बेलबारी न.पा

- आन्तरिक आय वृद्धिको समस्या
- पुर्वाधार विकासमा अत्याधिक चाँप ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त अख्तियारी अनुसारको बजेट सुचिश्चित नभएको अबस्था ।
- बजेट तथा कार्यक्रम कार्यन्वयनकालागि कानुनी तथा प्रकृयागत जटिलताहरु ।
- तीन तहको सरकारको अधिकार सुस्पष्ठ गर्ने कानुनी आधारको कमी ।
- बैदेसिक रोजगारीमा युवाहरुको आकर्षण

- कृषि र पशु विकास जस्ता क्षेत्रहरुमा संघ तथा प्रदेश सरकारहरुको विशेष नीति तथा कार्यक्रमहरुमा कमी , कृषि पेशाको व्यवसायिकरण हुन नसक्नु ।
- केन्द्र तथा प्रदेश सरकारले स्थानीय स्तरमा योजना छनौट तथा कार्यान्वयनमा समन्वयको कमी।

१३. **<u>लेटाङ्ग न.पा</u>**

- वित्तीय समानीकरण, राजस्व बाँडफाड  र आन्तरिक राजस्वमा संकुचन
- जग्गा प्राप्ति तथा श्रोत अभावले आधुनिक कार्यालय भवन र वडा कार्यालय बनाउन नसक्दा कार्यवातावरणमा सुधार गर्न नसकिएको अवस्था छ।
- विभिन्न सरकारसँग समन्वय, सहकार्य तथा साझेदारीमा ठुला आयोजनाहरु अपेक्षित रूपमा संचालन गर्न नसकिएको अवस्था रहेको छ।
- स्रोत अभावमा सन्तुलित विकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई भएको अवस्था रहेकोछ।
- श्रोत छर्ने प्रवृति रहेको
- कर्मचारीहरु बारम्बार परिवर्तन भईरहँदा संस्थागत संस्मरण तथा कार्य सम्पादनमा समस्या देखा परेको छ।
- कानुन परिपालना गराउन कठिनाई भएको अवस्थाले कार्यसम्पादन चुस्त,दुरुस्त बनाउन थप प्रयत्न गरिरहनु परेको अवस्था छ.
- विपद तथा प्रकोप व्यवस्थापन गर्ने कार्य समस्या रहेको।
- पहाडी भुभाग बढी भएकाले पुर्वाधार निर्माण खर्चिलो

१४. **<u>धनपालथान गा.पा. :</u>**

- थप दक्ष कर्मचारीको अभाव
- उपभोक्ता समितिहरु समयमै गठन नहुँदा तालिक दिन नसकिने र योजना सम्झौता ढिलो हुने
- कानुनी अन्योल्ता रहेको
- संघीय सरकार र प्रदेश सरकार बिच समन्वय र सहकार्यको अभाव
- लोहन्द्र खोला कटान

१५. **<u>मिक्लाजुंग गा.पा</u>**

- भौगोलिक बिकटताका कारण विकास निर्माण तथा अनुगमनमा कठिनाइ
- पहाडी क्षेत्रबाट वगेका खहरे खोलाको कारणले बाढी तथा पहिरोको जोखिम
- दक्ष जनशक्तिको अभावमा नीति नियम, कानुन निर्माणमा कठिनाइ भएको
- प्रभावकारी रुपमा अन्तरपालिका समन्वय गर्न नसकिएको

- नदीजन्य पदार्थको उत्खनन् र बिक्री बितरणमा चुनौती देखिएको

१६. **<u>उर्लाबारी न.पा. :</u>**

- ढल व्यवस्थापन
- फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइट
- Integrated Urban Development
- बजार व्यवस्थापन
- बसपार्क व्यवस्थापन
- भूउपयोग योजना कार्यान्वय

१७. **<u>केराबारी गा.पाः-</u>**

- न्यून आन्तरिक आय श्रोत
- भौगोलिक अवस्था
- श्रोत, साधन तथा दक्ष जनशक्तिको अभाव
- जनचेतनाको कमि लागु औसध प्रयोग गर्नेको संख्या दिन प्रतिदिन वढ्दै जानु।

## कार्यक्रमको उपलब्धि:-

- स्थानीय तहहरुको क्षेत्रगत् परिचय, आय व्यय, भौतिक तथा वित्तीय प्रगति, विकास पूर्वाधार, कानुन निर्माण, सामाजिक सुरक्षा,LISAतथाFRAसम्बन्धि जानकारी भएको,
- स्थानीय तहहरुबीच एउटा पालिकाले गरेको असल अभ्यासलाई अर्को पालिकाले अनुशरण गर्ने अवसर तथा आफ्नो पालिकामा भएका कमी कमजोरीलाई सुधार्ने मौका पाएको,
- स्थानीय तहहरुबीच कानून तर्जुमामा, करका दर/दायरामा, प्रशासनिक संरचनामा कार्यगत एकरुपता कायम गर्न तत्पर रहेको पाइयो,
- स्थानीय तहहरुबीच पारस्पारिक सहयोगको विकास, अन्तरपालिकाको पहिचान, समस्या र चुनौती आदान-प्रदान, सिकाइ अनुभवहरुको आदान-प्रदान भएको पाइयो,
- स्थानीय तहहरुबीच अन्तर प्रतिस्पर्धा, सहकार्य र समन्वय गर्न तर्फ उत्साहित रहेको पाइयो ।

## सत्लाह तथा सुझाब तथा निराकरण गर्नुपर्ने केही बिषयहरुः- निष्कर्षतथा सुझावहरुः-

आमन्त्रित सहभागीहरुको अपेक्षाकृत सहभागिता रहेको पाईयो ।

कार्यक्रमको सुरुवातमा उत्साहपूर्वक सहभागिताका साथै सहभागी स्थानीय तहहरुबीच अन्तर प्रतिस्पर्धात्मक वातावरण कायम भएको थियो। कार्यक्रमले प्रभावकारी समन्वय, सवल अनुगमन, कानूनमा एकरुपता, चुस्त दुरुस्त अभिलेख व्यवस्थापन र दिगो संस्थागत संयन्त्र विकासमा सघाउ पुग्ने र आगामी दिनमा समेत निरन्तरता दिनुपर्ने निचोड आएको कार्यालयले प्रभाबकारी अनुगमन र नियमन गरिनुपर्ने अपेक्षा रहेको पाइयो। प्रदेश तथा संघीय सरकारबीच स्थानीय तहहरुको प्रभावकारी समन्वय कायम गरिनुपर्ने अपेक्षा जि.स.स. प्रति रहेको पाइयो।यसरी आयोजना गरिएका कार्यक्रममा आफ्ना प्रस्तुति सकिएपछि बाहिरिने क्रम रहेकोलेयस प्रकृतिको कार्यक्रमले परिणाममा मात्र होइन प्रक्रियामा समेत ध्यान दिनुपर्ने भन्ने साझा बुझाई भएको छ । साथै जनप्रतिनिधि र कर्मचारीले समय व्यवस्थापन गरी आगामी दिनमा यस्ता कार्यक्रममा सक्रियताका साथ उपस्थित भई अब्बल हुने स्थानीय तह अपेक्षा गरिन्छ ।

**<u>निम्न सुझावहरुलाई जि.स.स.ले समितिको बैठकबाट निर्णय गरी बुँदागतरुपमा प्रदान गरेको छ ।</u>**

जिल्लाको उत्तर पुर्वी स्थानीय तहहरुमा लागु औषध प्रयोगकर्ताको संस्था बृद्धि भइरहेको जस्का कारण सामाजिक, आर्थिक तथा पारिवारिक तहमा नै गम्भीर असर पर्ने र फौजदारी अपराध समेत बृद्धि हुन सक्ने देखिएकोले समयमा नै उपयुक्त कदमद्धारा समाधान निकाल्न सम्बन्धित स्थानीय तह (उर्लाबारी न.पा ,मिक्लाजुङ गा.पा ,पथरीशनिश्चरे न.पा लगायत) बाट अनुरोध भएको सन्दर्भमा सोही व्यहोरा प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय मोरङ आबश्यक सहयोगमा लागी पहल गर्नुपर्ने।

**(ख)** नदीजन्य पदार्थ उत्खनन् (ठेक्का व्यवस्थापन, चोरी निकासी, अवैध दोहन सहित) सम्बन्धी समस्या समाधानको माग सम्बन्धमा जिल्ला अनुगमन समितिबाट प्रदेश सरकार समक्ष अनुरोध गर्नुपर्ने।।

**(ग)** आर्थिक कार्याविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६, नियमावली, २०७७ तथा अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ अनुसार जिल्लाका स्थानीय तहहरुले मध्यकालिन खर्च संरचना (MTEF) तथा आन्तरिक नियन्त्रक प्रणाली अवलम्बन गरेको नपाईएकोले वित्तिय सुशासनको निम्ति सो कार्यान्वयन आवश्यक देखिएकाले सम्बन्धित स्थानीय तहहरु (सबै) लाई तत्काल कार्यान्वयन गर्न सुझाव दिने तथा आवश्यक सहयोग र सहजिकरण गर्न प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बिराटनगरलाई अनुरोध गर्नुपर्ने ।

**(घ)** बक्राहा, चिसाङ, रतुवा सहित नदीको कारण विपद जोखिम रहेका स्थानीय तह लक्षित गरी विपद व्यवस्थापन कार्यको लागि जिल्ला विपद व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने साथै विपद व्यवस्थापन कार्य

स्थानीय तहको एकल अधिकार भित्र पर्ने देखिएकाले सोही अनुसार सबै स्थानीय तहहरुले बिपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन ,२०७४ को दफा १७ को उपदफा (२) अनुसार स्थानीय विपद व्यवस्थापन समितिबाट कार्यहरु सम्पादन गर्न सुझाव दिने ।

**(ङ)** स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र बित्तिय सुशासन जोखिम मूल्यांकन (FRA) को पृष्ठपोषण र मूल्यांकनको लागि पेश गर्ने कागजात यथार्थमा आधारित र प्रासाङ्ग पुष्टि गर्ने किसिमका हुनु पर्ने तथ्य लाई मनन गरी सबै तहबाट कार्यविधिले तोकेको समयमा नै यस समिति समक्ष पेश गर्न सुझाव दिने ।

**च)** अन्त्यमा सबै स्थानीय निकायहरुले आ-आफ्नो क्षेत्रबाट आर्थिक सामाजिक सास्कृतिक लगाएत सबै क्षेत्रका विकासका लागी तत्पर रहन।

## कार्यक्रमका केही तस्बिरहरुः-






स्थानीय तहको वार्षिक समीक्षा समन्वय
तथा असल अभ्यास
आदान प्रदान कार्यक्रम